(च) "अर्थ मन्त्री" भन्नाले प्रदेश सरकारको अर्थ मन्त्री सम्झनु पर्छ र सो शब्दले अर्थ मन्त्रीको काम गर्न तोकिएको अन्य कुनै मन्त्री वा राज्यमन्त्री समेतलाई सम्झनु पर्छ।

(छ) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, सभापति, प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेता, प्रदेश सभामा विपक्षी दलको नेता, मुख्य सचेतक, प्रमुख सचेतक, सचेतक र प्रदेश सभाको सचिवलाई सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले प्रदेश सभाको सदस्य सम्झनु पर्छ।

(झ) "अधिवेशन" भन्नाले संविधानको धारा १८३ बमोजिमको अधिवेशनलाई सम्झनु पर्छ।

(ञ) "सभा" वा "बैठक" भन्नाले प्रदेश सभाको सदन, सभा वा बैठक सम्झनु पर्छ।

(ट) "मन्त्रिपरिषद" भन्नाले प्रदेश सरकार मन्त्रिपरिषद सम्झनु पर्छ।

(ठ) "प्रस्ताव" भन्नाले प्रदेश सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव सम्झनु पर्छ।

(ड) "आवेदन पत्र" भन्नाले संविधानको धारा १९१ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुराको

(२) संविधानको धारा १८४ बमोजिम प्रदेश प्रमुखले सभाको वैठकमा आवश्यकता अनुसार सम्बोधन गर्न सक्नेछ।

३६. **<u>धन्यवादको प्रस्ताव</u>**: (१) नियम ३५ बमोजिम प्रदेश प्रमुखले प्रदेश सभालाई सम्बोधन गरेपछि बसेको बैठकमा मुख्यमन्त्रीले सम्बोधनको एक प्रति टेवुल गर्नेछ।

(२) प्रदेश प्रमुखबाट गरिएको सम्बोधनको लागि उहाँमा धन्यवाद ज्ञापन गर्न कुनै सदस्यले प्रस्ताव पेश गर्न सक्नेछ र त्यस्तो प्रस्तावमा अर्को सदस्यले समर्थन गरेको हुनु पर्नेछ।

(३) धन्यवादको प्रस्तावका प्रस्तावक र समर्थकले बोलिसकेपछि सभामुखले उक्त प्रस्ताव उपर थप छलफल हुन नदिई निर्णयार्थ प्रस्तुत गर्नेछ।

(४) बैठकले पारित गरेको धन्यवादको प्रस्ताव सभामुखले प्रदेश प्रमुख समक्ष पेश गर्नेछ।

३७. **<u>नीति तथा कार्यक्रममाथि संशोधन</u>**: (१) नियम ३५ को उपनियम (१) बमोजिम प्रस्तुत भएको नीति तथा कार्यक्रम उपर संशोधन प्रस्ताव पेश गर्न चाहने सदस्यले त्यस्तो नीति तथा कार्यक्रम प्रस्तुत भएको अठ्चालीस घण्टाभित्र संशोधन प्रस्तावको सूचना सचिवलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको संशोधन प्रस्तावलाई स्वीकृत गर्ने वा नगर्ने अधिकार सभामुखलाई हुनेछ।

३८. **<u>नीति तथा कार्यक्रममाथि छलफल र निर्णय</u>**: (१) नियम ३५ बमोजिम प्रदेश प्रमुखबाट गरिएको सम्बोधनमा उल्लिखित प्रदेश

सम्बन्धमा स्पष्ट निर्णय गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने।

(२) आचरण अनुगमन समितिले आफ्नो अन्य कार्यविधि आफै निर्धारण गर्नेछ।

(३) यस नियम बमोजिम कुनै सदस्य उपर आचरण उल्लङ्घनमा छानबिन प्रारम्भ गरिएकोमा त्यसलाई आवश्यक सहयोग गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(४) यस नियम बमोजिम कुनै सदस्य उपर आचरण उल्लङ्घनमा छानबिन प्रारम्भ गरिएकोमा सम्बन्धित सदस्यलाई आचरण अनुगमन समितिले आफ्नो प्रतिरक्षा गर्ने मनासिब मौका प्रदान गर्नेछ।

(५) आचरण अनुगमन समितिले उपनियम (१) को खण्ड (घ) बमोजिम सभामा पेश गरेको प्रतिवेदनलाई सभाको अभिलेखमा राखिनेछ।

(६) आचरण अनुगमन समितिले उपनियम (१) को खण्ड (ङ) अनुरूप कुनै सदस्यले नियम १९३ मा उल्लेख गरिएको आचारसंहिता उल्लङ्घन गरेको पाएमा, सभामा प्रतिवेदन पेश भएको तथ्यलाई नियम १६९ अनुसार विशेषाधिकारको उल्लङ्घनको प्रश्न भएको मानिनेछ र सोही नियम अनुसारको कार्यविधि लागू गरिनेछ।

**समर्थक**

दस्तखत: ............................

नाम: ..................................

मतदाता नामावलीको क्र.सं: ....

६. संलग्न कागजात

(क) प्रस्तावित उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) उम्मेदवारको मञ्जुरी रहेको निस्सा।

मिति.......................

**उम्मेदवारको मञ्जुरी रहेको निस्सा**

मलाई श्री. ....................................ले प्रस्ताव.............................समितिको सभापतिको निर्वाचनमा उम्मेदवार प्रस्ताव गरे बमोजिम निर्वाचित भएमा म सभापति पदमा रही काम गर्न राजी छु। प्रदेश सभा नियमावली, २०७४ बमोजिम सभापति पदको निर्वाचनमा उम्मेदवार हुन मेरो योग्यता पुगेको छ।

मिति.......................

प्रस्तावित उम्मेदवारको

दस्तखतः ................

नाम: .....................

